# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**खण्ड २९] काठमाडौं, जेठ २५ गते २०३६ साल [अतिरिक्ताङ्क १८**

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा (१), (२) र दफा ५ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको ३ सदस्यीय विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छः–

१. (क) सम्बन्धित अञ्चलको अञ्चलाधीश– अध्यक्ष

(ख) अञ्चलाधीशको कार्यालय रहेको जिल्लाको जिल्ला न्यायाधीश– सदस्य

(ग) अञ्चलाधीशको कार्यालय रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी– सदस्य

२. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी उजूरी लिई, कारवाई र किनारा गर्ने यस विशेष अदालतलाई तोकिएको छ।

३. यस विशेष अदालतको मुकाम आवश्यकतानुसार आफ्नो अञ्चलभित्र कुनै पनि ठाउँमा कायम गर्न सकिनेछ।

आज्ञाले–

ध्रुववरसिंह थापा

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।